# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र


## खण्ड ३, संख्याः २०, चैत्र २१ गते, २०७६ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## राहत सामग्री वितरण कार्यविधि (संशोधन), २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।१२।२१

व्यास नगरपालिका राहत सामग्री वितरण कार्यविधि २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ६ को उपदफा
   -(ङ) खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेका र हाल दैनिक गुजारा चलाउन कठिनाई परी सहयोग चाहिने चार जनासम्मको परिवारलाई बाह्र के.जी. चामल (प्रति व्यक्ति तीन के.जी. पर्ने गरी) दुई के.जी. दाल, एक लिटर खाने तेल र एक के.जी. नुन र दुई वटा साबुन राहत प्याकेज टोल विकास संस्था मार्फत सम्बन्धित परिवारको घरमै पुऱ्याई अनुसूची २ बमोजिमको ढाँचामा भरपाई गराई बुझाउने व्यवस्था मिलाउने । चार जनाभन्दा बढी परिवार संख्या हुनेको हकमा प्रति व्यक्ति तीन के.जी. थप चामल उपलब्ध गराइनेछ भन्नेको सट्टा खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेको र हाल दैनिक गुजारा चलाउन कठिनाई परी सहयोग चाहिने चार जनासम्मको परिवारलाई बाह्र के.जी पाँच सय ग्राम चामल, एक के.जी. दाल, एक लिटर खाने तेल, एक के.जी. नुन र दुई वटा साबुन राहत प्याकेज वडा आपूर्ति व्यवस्थापन समिति मार्फत सम्बन्धित परिवारको घरमै पुऱ्याई अनुसूची २ बमोजिमको ढाँचामा भरपाई गराई बुझाउने व्यवस्था मिलाउने । पाँच जना र सो भन्दा माथि परिवार संख्या हुनेको हकमा पच्चीस के.जी. चामल उपलब्ध गराइनेछ भन्ने प्रावधान राखी संशोधन गरिएको छ ।

-(च) खण्ड (ग) बमोजिमका असहाय संघ संस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले एकीन गरी प्रति व्यक्ति ३ के.जी. का दरले चामल र प्रति १० जना बराबर २ के.जी. का दरले दाल र प्रति १० जना १ लि. का दरले खाने तेल उपलब्ध गराउने भन्नेको सट्टा खण्ड (ग) बमोजिम असहाय संघ/संस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले एकिन गरी प्रति व्यक्ति ३ के.जी.का दरले चामल र प्रति १० जना बरावर १ के.जी. का दरले दाल र प्रति १० जना १ लिटरका दरले खाने तेल उपलब्ध गराउने भन्ने प्रावधान राखी संशोधन गरिएको छ।

-(झ) राहत वितरणमा खटिनेले कम्तिमा १ मिटरको SOCIAL DISTANCE सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने भन्नेको सट्टा राहत वितरणमा खटिनेले कम्तिमा २ मिटरको SOCIAL DISTANCE सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने भन्ने प्रावधान राखी संशोधन गरिएको छ।

२. दफा १० थप गरी कार्यविधि विपरित राहत लिन दिनु नहुनेः (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारी वा निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल उपर गर्नुपर्नेछ।

३. दफा ११ थप गरी राहत वितरणको अभिलेख राख्नुपर्नेः सम्बन्धित वडाले राहत वितरणको अनुसूची ३ बमोजिमको राहत विवरण अभिलेख आफ्नो कार्यालयमा राखी एक प्रति व्यास नगरपालिका कार्यालयमा पठाउनुपर्नेछ।

अनुसुची ३
दफा ११ सँग सम्बन्धित
व्यास नगरपालिका वडा नं................ तनहुँ

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बावुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत | कैफियत ( विदेशी भए राष्ट्रियता खुलाउने) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

राहत वितरण गर्नेकोः
दस्तखतः
नाम, थरः
टेलिफोन नं.:

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत